# प्रेस विज्ञप्ती

## ललितपुर उद्योग वाणिज्य संघले आयोजना गर्ने
## ललित अन्तर्राष्ट्रिय व्यापार मेला २०७६

२०७६ फाल्गुण १४ गते

यस ललितपुर उद्योग वाणिज्य संघ जिल्लाका उद्यमी व्यवसायीहरुको साझा एवं प्रतिनिधिमूलक संस्था हो । नेपाल उद्योग वाणिज्य महासंघको स्थापनासंग संगै स्थापना भएको यस संघ नेपालको चेम्बर अभियानमा स्थापनाकालदेखि सशक्त भूमिका निर्वाह गर्दै आइरहेको तथ्य सबैलाई थाहा भएकै विषय हो । जिल्लाका उद्यमी व्यवसायीहरुको हकहितका लागि कार्य गर्ने क्रममा व्यवसायीको उद्यमीशीलता विकास, व्यवसाय गर्ने क्रममा भोग्नु परिरहेको अवरोधहरु हटाउन र नीतिगत समस्यामा पैरवी गर्ने कार्य संघले निरन्तर गर्दै आइरहेको छ । यसका अतिरिक्त ललितपुरमा उत्पादित सामग्रीको राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा बजार विस्तार तथा व्यावसायीहरुको 'एक्सपोजर' क्षमता बढाउन संघले पहल गर्दै आइरहेको छ । यसै दिशाको ठोस कार्यका रुपमा स्वदेश तथा विभिन्न देशमा हुने मेला र महोत्सवमा संघले उद्यमी व्यवसायीहरुको अगुवाई गर्दै सक्रिय सहभागीता जनाउने र सहभागी गराउने कार्य गर्दै आइरहेको छ । देश र विदेशमा हुने मेला, महोत्सवमा सहभागी हुने मात्र नभई ललितपुर उद्योग वाणिज्य संघ स्वयंले यस किसिमका मेला, महोत्सव सफलतापूर्वक आयोजना गरिसकेको यहा" उपस्थिति हुनुभएका सम्पूर्ण सञ्चारकर्मी मित्रहरुलाई अवगत गराउन चाहन्छु ।

ललितपुरमा उत्पादित सामग्रीको अन्तर्राष्ट्रिय स्तरमा बजार विस्तार गर्न र विभिन्न देशमा उत्पादित सामग्रीको बजारको रुपमा ललितपुरलाई विकसित गर्न यस संघले विगत वर्ष देखि हरेक वर्ष ललित अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना गर्दै आएका छौं । यसैलाई निरन्तरता प्रदान गर्न यहि २०७६ चैत्र २६ देखि ३० गते सम्म ललितपुरको पुल्चोक स्थित मदन स्मारक स्कुलको प्रा॰णमा ललित अन्तर्राष्ट्रिय व्यापार मेला २०७६ को आयोजना गर्न लागिएका छौं । राजधानीसंगै जोडिएको जिल्ला भएपनि ललितपुर जिल्लाको विकासमा राज्यको ध्यान अपेक्षाकृत रुपले परेको छैन । ललितपुर जिल्लाको आफ्नै सामर्थ्य र सम्भावना छन् । तिनै सम्भावनालाई मूर्त रुप दिने सम्बन्धमा ध्यानाकर्षण गर्न पनि यस मेला आयोजना गरेका हौं भने गतः वर्ष यस संघको पहलमा ललितपुर महानगरपालिका मार्फत विश्व कला परिषदबाट मान्यता प्राप्त हस्तकला नगरीलाई प्रवर्द्धन गर्न यस मेलाले टेवा पुर्‍याउने पनि विश्वास लिएका छौं ।

ललितपुर महानगरपालिकासंगको सहकार्य र इन्ट्रोडक्सन ट्रेड शो नेपाल प्रा.लि.को बजार व्यवस्थापन तथा मेला व्यवस्थापनमा आयोजन गर्न लागिएको यस मेलामा करिब १२० सय वटा स्टलहरु रहने छ । भारत, पाकिस्तान, बंगलादेश, भुटान लगायत विभिन्न देशको ४० वटा स्टल रहने छ । उक्त मेलामा नेपालमा उत्पादन हुने हस्तकलाका विविध सामग्रीहरुको स्टल रहने छ । नजिकिएको नया" वर्ष २०७७ को अवसरमा आफ्ना प्रियजन, साथी भाई परिवारका लागि आकर्षक र गुणस्तरीय उपहार खरिद गर्न सक्ने अपूर्व अवसर मेलामा प्राप्त हुने छ । विभिन्न सांस्कृतिक झांक्रीसहित संस्कृतिको आनन्द र मनोरम वातावरणमा क्रेता र बिक्रेता प्रत्यक्ष भेटघाट हुने अवसर पनि यस मेलाले श्रृजना गर्ने छ ।

मेलाबाट स्वेदशी व्यवसायी, बिक्रेताहरुलाई आफ्नो उत्पादन अन्तर्राष्ट्रिय रुपमा विस्तार गर्ने अवसर प्राप्त हुने छ । विभिन्न देशका व्यवसायीहरुबीच आपसी अध्ययन तथा ज्ञान, सीप आदानप्रदान हुनुका साथै पर्यटन र व्यवसायिक विकासमा पनि मेलाले टेवा पुर्‍याउने हाम्रो विश्वास रहेको छ । मेला अवधिभर ललितपुरको कला, संस्कृति, गीत संगीतको मज्जा लि"दै नेवारी तथा अन्य खाजाको स्वाद लिन सकिने छ । यस मेलाले नेपाल सरकारको भ्रमण वर्ष २०२० लाई सफल पार्न केहि हद सम्म भए पनि टेवा पुग्ने विश्वास रहेको छ ।

आर्थिक विकाससंगै ललितपुरको विशिष्ट सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटन र भौगोलिक वातावरण भएको जिल्लामा संघलाई सामाजिक, सांस्कृतिक र पर्यटन विकासमा चासो राख्ने एक महत्वपूर्ण सरोकारवाला संस्थाको रुपमा लि"दै आएको छ । यसैलाई मध्यनजर गरी संघले विभिन्न जात्रा, पर्व सञ्चालनका लागि आर्थिक सहयोग गर्दै आइरहेको छ ।

नेपालको मेला, महोत्सवको इतिहासमा ललितपुरको विशिष्ट स्थान रहेको छ । २००७ साल सालको प्रजातन्त्र पुनःस्थापना पछि भएको महोत्सव, यस अघिको ललित औद्योगिक व्यापार मेला, ललित महोत्सव, ललित अन्तर्राष्ट्रिय व्यापार मेलासंगै यस मेलाले मेलाको इतिहासमा अर्को किर्तिमान थप्ने विश्वास रहेको छ । विगत वर्षहरुमा झैं यस पटकको मेलाले पनि यहांहरुको सञ्चार माध्यममा उच्च प्राथमिकताका साथ कभरेज पाउने विश्वास गर्दै यस मेलालाई सफल पार्न सञ्चार जगतबाट सहयोग प्राप्त हुने विश्वास गर्दै यहा" उपस्थित हुनु भएका सम्पूर्ण पत्रकार मित्रहरुलाई सहयोगका लागि हार्दिक आग्रह गर्दछौं ।